रामजानकी सामुदायिक वन उपभोक्ता समूह

नरैनापुर गा.पा.-६, बाँके

काठ दाउरा लिलाम बढाबढ सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०७/०९ गते

डिभिजन वन कार्यालय बाँकेको च.नं. ३१३४ मिति २०८२/१२/०५ गतेको वन पैदावार संकलन सहमति अनुसार आ.ब. ०८२/०८३ मा संकलन भई यस समूहको घाटगद्दीमा रहेका गोलिया काठ दाउरा डिभिजन वन कार्यालय बाँकेको च.नं. ९९४ मिति २०८३/०६/२२ गतेको व्यापारिक प्रयोजनका लागी बाह्य लिलाम सहमति बमोजिम साल, बर्रो लगाएत काठ गोलिया थान ३७९ को १४७७.७१ क्यू फुट काठ र साल लगायत अन्य जातको दाउरा चट्टा १६ संघिय वन नियमावली २०७९ मा भएको नियम २५ को नियम उप-नियम (१क) बमोजिम लिलाम बिक्रीको लागी प्रथम पटक २१ दिने सूचना, प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागी यस समूहको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

श्री रामजानकी सामुदायिक वन उपभोक्ता समुह,
नरैनापुर गा.पा. वडा नं. ६, बाँके

गोलिया काठ तथा दाउरा चट्टा बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना

(पहिलो पटक सूचना प्रकाशित मिति २०८३/०७/०९) शौर्य राष्ट्रिय दैनिक

विस्तृत सूचना

यस सामुदायिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रका समुहको स्वीकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का.बाँकेको च.नं.३१३४ मिति २०८२/१२/०५ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समुहमा आन्तरिक खपत भई बाँकी रहेका काठ दाउरा डि.व.का. बाँकेको च.नं.९९४ मिति २०८३/०६/२२ को बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल र बर्रो जातका गोलिया थान ३७९ को १४७७.७१ घन.फीट काठ र साल जातको दाउरा १२.०० चट्टा र अन्य जातको दाउरा ४.०० चट्टा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थमा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिनमा सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

तपशिल

जात	ग्रेड	थान	परिमाण	दर	न्युनतम मुल्य	संकलन खर्च	कैफियत
साल	ए	६	७५.९७	१२५०	९४९६२.५	१९९४९०.८५	
साल	बि	३९	२७१.५६	९००	२४४४०४		
साल	सि	३०७	१०२६.४	६००	६१५८४०		
साल	डि	२५	५६.५१	३००	१६९५३		
जम्मा साल		३७७	१४३०.५	.	९७२१५९.५		
बर्रो		२	४७.२३	२००	९४४६		
जम्मा गोलिया		३७९	१४७७.७१		९८१६०५.५		
साल जातको दाउरा चट्टा			१२.००	१२०००	१४४०००	१९२०००	
अन्य जातको दाउरा चट्टा			४.००	४०००	१६०००		
कुल जम्मा					११४१६०५.५	३९१४९०.८५	

शर्त तथा नियमहरु

१. बोलपत्र खरीद गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०७/२९ गते कार्यालय समय सम्म ।

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०७/३० गते समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत रकम यस समुहको कृषि विकास बैंक लिमिटेड नेपालगंज धम्बोजी शाखामा रहेको हिसाब नं. ०७२०३००३७४५७४०११ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना सम्म म्याद भएको बैंक ग्यारेन्टी समावेश गरेको हुनु पर्नेछ।

४. बोलपत्र फारम रु २०००/-(पछि फिर्ता नहुने गरी) तिरी यस समुह वा डिभिजन वन कार्यालय, बाँकेबाट खरिद तथा दाखिला गर्न सकिनेछ।

५.लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयमा यस सा.व.उ.स. को घाटगद्दीमा गई हेर्न सकिनेछ

६. लिलाममा भाग लिने डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी सहित नेपाली नागरिकताको प्रमाणपत्र, कर दर्ता/चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिबृद्धी कर दर्ताको प्रतिलिपी वा स्थायी लेखा नम्बर (पि.पि.एन.) दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कारोबार गर्न अनुमसत पाएको फर्मको प्रतिलिपी साथ सिलबन्दि बोलपत्र पेश गर्नु पर्नेछ।

७. निर्धारित न्युनतम संख्या र रितपुर्वक दाखिला हुन आएमा बोलपत्रहरु मिति २०८३/०७/..... गते दिउसो २:०० बजे समुहले समूह, कार्यालयहरु, बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ साथै बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोलिनेछ।

८. बोलपत्र खरिद दाखिला वा खोल्ने दिन विदा परेमा क्रमश कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ।

९. लिलाम विक्री सदर भएको जानकारी प्राप्त भएको मितिले वा समुहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भित्र सकार रकम , मूल्य अभिबृद्धि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुट्टै बुझाई लिलाम चढेका वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०. बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार समुहमा रहनेछ।

१२. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

श्री राप्ती जनकी सामुदायिक वन उपभोक्ता समूह

6/10